प्र.जि.अ.का.झापा द.नं. २६/०३९/४०
हु.जि.द.नं. : ९७/०८०/०८१

# जनज्योति साप्ताहिक
Janajyoti Weekly

■ वर्ष: ४५ ■ अंक : ०४ ■ २०८३ वैशाख २० गते आइतबार ■ Sunday, 3 May 2026 ■ मूल्य रू. ७।-

**शान्ति र सद्भाव कायम गरौं**

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिंडौं,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुर्‍याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## संवैधानिक परिषद्देखि सहकारीसम्म अध्यादेशमा
# आलोचना र बचाउमा बहस

**गोपाल झापाली**

**दमक**/ सकारले ६ वटा अध्यादेश स्वीकृतिका लागि राष्ट्रपतिसमक्ष पेस गरेको छ। जस मध्ये केहि राष्ट्रपति रामचन्द्र पौडेलले स्विकृत गरेका छन् भने केहि अड्किएका छन्। सरकारले पेश गरेका मध्ये सहकारी पहिलो संशोधन अध्यादेश, सार्वजनिक खरीद दोश्रो संशोधन अध्यादेश र सम्पत्ती शुद्धिकरण निवारण तेश्रो संशोधन अध्यादेश रामचन्द्र पौडेलले स्विकृत गरि सकेका छन्।

**कुन अध्यादेशमा के छ ?**

प्रधानमन्त्री बालेन शाहकी प्रेस तथा अनुसन्धान विज्ञ दिपा दाहालका अनुसार संवैधानिक निकायका पदाधिकारीको नियुक्तिको सिफारिसका लागि बस्ने बैठक सम्बन्धी कार्यविधिलाई व्यवस्थित गर्ने उद्देश्यका साथ संवैधानिक परिषद (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न अध्यादेश जारी गर्न सिफारिस गरिएको छ। अर्को सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश हो। 'बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूलाई नियमन गर्ने, यस प्रकृतिका संस्थाहरूले कार्य सञ्चालन इजाजतपत्र लिनुपर्ने र समस्याग्रस्त सहकारी संस्थाका सदस्यहरूलाई तत्काल बचत रकम फिर्ताका लागि 'चक्रय राहत कोष' स्थापना गर्ने लगायतका व्यवस्थाहरू यस अध्यादेशमा छन्,' दाहालले जानकारी दिएकी छन्। यो जारी भई सकेको छ।

यस्तै, विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश समेत जारी भइसकेको छ। सरकारले यो अध्यादेश सिफारिस गरेकै कारण विभिन्न विश्वविद्यालयका पदाधिकारीहरुले राजिनामा समेत दिई सकेका छन्।

विगतमा राजनीतिक रूपमा नियुक्ति तथा मनोनयन भएका सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेशसँग अनुकूल बनाउन यी अध्यादेशहरू सिफारिस गरिएको दाहालले जनाएकी छन्। सो अध्यादेश पनि राष्ट्रपतिबाट जारी भईसकेको छ। उनका अनुसार केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सिफारिस गरिएको छ। यस अन्तर्गत २० वटा ऐन संशोधन हुनेछन्। भूमि, जग्गा नापजाँच, मालपोत, शिक्षा, वन, स्वास्थ्य, निजामती, बिमा लगायत कानुनमा देखिएका अवरोध हटाउन यो अध्यादेश सिफारिस गरिएको हो। साथै, सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश पनि जारी गर्न सिफारिस गरिएको छ। यो अध्यादेश सार्वजनिक निकायमा राजनीतिक रूपमा नियुक्ति भई बहाल रहेका पदाधिकारीहरूलाई पदमुक्त गर्ने उद्देश्यले ल्याइएको हो। यस्तै, सार्वजनिक खरिदलाई समयसापेक्ष बनाउने उद्देश्यसहित सार्वजनिक खरिद ऐन, २०६३ मा संशोधन गर्ने अध्यादेश पनि जारी गर्न सिफारिस गरिएकोमो यो पनि स्विकृत भई सकेको छ।

**किन आलोचना ?**

संसदीय अभ्यासमा कानून निर्माणको सर्वोच्च थलो जनप्रतिनिधीमूलक निकाय संसद हो। तर संसद नभएको वा नचलेको अवस्थामा सरकारलाई आवश्यक कानून ल्याउने 'फाष्ट ट्र्याक' को रुपमा अध्यादेशको अभ्यास गर्ने संवैधानिक सुविधा छ। त्यसैले विभिन्न सरकारले पटक पटक यो बाँकी ४ पेजमा ▸▸

## थप तीन अध्यादेश जारी

दमक। राष्ट्रपति रामचन्द्र पौडेलले थप ३ वटा अध्यादेश जारी गरेका छन्।

राष्ट्रपति पौडेलले शनिबार स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश र विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ जारी गरेका हुन्। राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा ती अध्यादेशहरू जारी गरेका राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यलेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। यसअघि उनले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, सहकारी र सार्वजनिक खरिदसम्बन्धी अध्यादेश गरेका थिए।

## अमेरिकी दुत र लामिछाने भेटवार्ता

दमक। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका दक्षिण तथा मध्य एसिया विशेष दूत सर्जियो गोर र रवि लामिछाने बीच भेटवार्ता भएको छ। भेटमा नेपाल(अमेरिका आर्थिक साझेदारीलगायत आपसी हितका विषयमा छलफल भएको छ। गोरले नेपालको सुधार प्रयासप्रति सकारात्मक प्रतिक्रिया जनाउँदै सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। साथै उनले स्वर्णिम वाग्ले र शिशिर खनाल सँग पनि भेट गरेका छन्।

## बिर्तामोडमा पैनी अतिक्रमण हटाउने क्रममा तनाव

बिर्तामोड। झापाको बिर्तामोड नगरपालिका वडा नं. २ श्रीहरि टोलमा सार्वजनिक पैनी अतिक्रमण हटाउने क्रममा स्थानीयवासी र नगरपालिकाबीच तनाव उत्पन्न भएको छ।

नगरपालिकाले पैनी पुन: कायम गर्ने उद्देश्यले सञ्चालन गरेको अभियानका क्रममा बिहान करिब ९:३० बजे डोजरसहित पुगेको टोलीले अतिक्रमित क्षेत्र खाली गराउने प्रयास गरेको थियो। सो क्रममा स्थानीय कृष्ण दाहालले करिब ५०० मिटर लामो पैनी मिचेर जोतभोग गर्दै आएको भन्ने सूचनाका आधारमा कारबाही अघि बढाइएको हो। डोजर प्रयोग गरी पैनी खुलाउने काम सुरु भएपछि दाहालसहित करिब ३०(३५ जना स्थानीयवासीले विरोध जनाउँदै अवरोध गरेका थिए। त्यसपछि नगर कर्मचारी र स्थानीयबीच केहीबेर भनाभन र विवादसमेत भएको थियो। अवरोधपछि केही समय काम रोकिए पनि स्थिति सामान्य बनाउन प्रयास भइरहेको नगरपालिकाले जनाएको छ।

## क्यान्सर अस्पतालको अध्यक्षका लागि खुला आवेदन

चितवन। चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल को रिक्त अध्यक्ष पद खुला आवेदनमार्फत भर्न प्रक्रिया सुरु भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ले सूचना जारी गर्दै योग्य उम्मेदवारलाई ७ दिनभित्र आवेदन दिन आह्वान गरेको हो। आवश्यक योग्यता अनुसार वरिष्ठ चिकित्सकमध्येबाट सरकारले अध्यक्ष नियुक्त गर्नेछ र पदावधि ३ वर्षको हुनेछ।

## अनैतिक गतिविधिमा संलग्न ३० पक्राउ

धनगढी। धनगढीका विभिन्न होटलमा प्रहरीले छापा हानेर अनैतिक गतिविधिमा संलग्न आरोपमा ३० जनालाई नियन्त्रणमा लिएको छ। डीएसपी योगेन्द्र तिमिल्सिना नेतृत्वको टोलीले विशेष सूचनाका आधारमा छ वटा होटलमा कारबाही गर्दै १७ महिला र १३ पुरुष पक्राउ गरेको हो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## फ्लुबाट बच्न आग्रह

दमक। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले इन्फ्लुएन्जा (फ्लू)बाट बच्न आग्रह गरेको छ। मन्त्रालयले चिसो बढेसँगै इन्फ्लुएन्जा (फ्लू) सङ्क्रमण बढ्ने भएकाले बच्न आग्रह गरेको हो। जाडोमा धेरै सक्रिय हुने यो भाइरसले शिशुदेखि जवान, अधबैंसे र वृद्धवृद्धासमेत सबै उमेरका व्यक्तिलाई बाँकी ४ पेजमा ▸▸

# विद्यार्थी नभए पछि विद्यालय बन्द

**उर्लाबारी**/ मोरङको कानेपोखरी गाउँपालिकाले दुईवटा सामुदायिक विद्यालय बन्द गरेको छ भने तीनवटा विद्यालयमा कक्षा घटुवा गरेको छ। विद्यार्थी नभए पछि ति विद्यालय बन्द र घटुवा गरिएका हुन्।


गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हिराकुमारी यादवका अनुसार वडा नं. ४ को थानेश्वर आधारभूत विद्यालय र वडा नं. १ को सिद्धार्थ आधारभूत विद्यालय बन्द गरिएको हो। साथै वडा नं. ३ को लक्ष्मी आधारभूत विद्यालय, वडा नं. ४ को पञ्चकन्या आधारभूत विद्यालय र वडा नं. ६ को सुन्तोली आधारभूत विद्यालयबाट कक्षा ४ र ५ हटाइएको छ।

थानेश्वर आधारभूत विद्यालयमा बालविकासदेखि कक्षा ५ सम्म जम्मा ६ जना विद्यार्थी रहेका थिए। एक शिक्षक दरबन्दी र एक बालविकास शिक्षक रहेको उक्त विद्यालयका शिक्षक तथा विद्यार्थीलाई सोही वडाको जनता आधारभूत विद्यालयमा समायोजन गरिएको छ। थानेश्वर विद्यालयमा कक्षा ५ सम्म स्वीकृति भए पनि हाल कक्षा ३ सम्म मात्र पढाइ भइरहेको थियो।

त्यसैगरी वडा नं. १ को सिद्धार्थ आधारभूत विद्यालयमा जम्मा नौ जना विद्यार्थी रहेका थिए। उक्त विद्यालयलाई सोही वडाको श्री माध्यमिक विद्यालय, होक्लाबारीमा समायोजन गरिएको छ। बालविकासदेखि कक्षा ५ सम्म पढाइ हुने उक्त विद्यालयका तीन शिक्षक र दुई बालविकास कर्मचारीलाई पनि श्री माध्यमिक विद्यालयमा समायोजन गरिएको छ।

वडा नं. ३ को लक्ष्मी आधारभूत विद्यालय र वडा नं. ४ को पञ्चकन्या आधारभूत विद्यालयमा कक्षा ४ र ५ हटाइएको छ। लक्ष्मी विद्यालयका दुई कक्षामा जम्मा ६ जना विद्यार्थी थिए भने पञ्चकन्या विद्यालयका दुई कक्षामा नौ जना विद्यार्थी थिए। लक्ष्मी विद्यालयका तीन शिक्षक र दुई बालविकास कर्मचारीमध्ये एक शिक्षक दरबन्दीसहित ६ जना विद्यार्थीलाई सोही वडाको बाल माध्यमिक विद्यालयमा समायोजन गरिएको छ। पञ्चकन्या विद्यालयका एक शिक्षक दरबन्दीसहित नौ जना विद्यार्थीलाई पनि बाल माध्यमिक विद्यालयमा समायोजन गरिएको छ। समितिले शैक्षिक सत्र २०८३ देखि प्रत्येक कक्षामा कम्तीमा १० जना विद्यार्थी अनिवार्य हुनुपर्ने व्यवस्था गर्ने निर्णय पनि गरेको छ। यसअघि पनि विद्यार्थी बाँकी ४ पेजमा ▸▸

# प्रहरी भवन निर्माण क्रममा ८६ बम फेला



**काठमाडौं।** सल्यानको जिल्ला प्रहरी कार्यालय भवन निर्माणका लागि जग खन्ने क्रममा ठूलो मात्रामा विस्फोटक पदार्थ फेला परेको छ। जिल्ला प्रहरी कार्यालय सल्यान का प्रमुख प्रहरी नायब उपरीक्षक हेमबहादुर केसी का अनुसार ८२ वटा सकेट बम, ३ वटा सुतली बम र १ वटा बोतल बम गरी ८६ थान बम भेटिएको हो।

शारदा नगरपालिका(३ स्थित प्रहरी कार्यालय परिसरमा भवन निर्माणका लागि जग खन्ने क्रममा शंकास्पद वस्तु भेटिएपछि उत्खनन रोकिएको थियो। त्यसपछि नेपाल प्रहरी र नेपाली सेनाको संयुक्त टोलीले थप खोजतलास गर्दा थप विस्फोटक सामग्री समेत फेला पारेको जनाएको छ। उत्खननका क्रममा सात थान रेडियो वेभ उपकरण, करिब ५ सय ग्राम विस्फोटक पदार्थ, बम बनाउन प्रयोग हुने २ केजी सामग्री र १० मिटर फायरिङ केबल समेत भेटिएको प्रहरीले जनाएको छ। फेला परेका सबै विस्फोटक पदार्थलाई सुरक्षित रूपमा व्यवस्थापन गरिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## साँवाभन्दा ब्याज बढी लिन सहकारीले नपाउने

दमक। सहकारीमा अब साँवाभन्दा बढी ब्याज लिन नपाइने भएको छ।

सरकारले ल्याएको सहकारीसबन्धी अध्यादेशमा यस्तो व्यवस्था गरिएको हो। सहकारी संस्थाहरूले चर्को ब्याज, स्याज र हर्जना जोडेर गरिब ऋणीहरूको उठिबास लगाएको गुनासो आइरहेको बेला अध्यादेशमार्फत बाँकी ४ पेजमा ▸▸

## मलद्वारमा ब्राउन सुगर

विर्तामोड/ झापाको बुद्धशान्ति गाउँपालिकाबाट लागुऔषध ब्राउन सुगरसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा बुद्धशान्ति गाउँपालिका(१ बस्ने ३८ वर्षीय हरिप्रसाद ढकाल छन्। प्रहरीका अनुसार ढकालले प्लास्टिकमा पोको पारेर आफ्नै मलद्वारमा लुकाई( छिपाई राखेको अवस्थामा ब्राउन सुगर फेला परेको हो।

बरामद गरिएको ब्राउन सुगर बाँकी ४ पेजमा ▸▸

## रोल्पा दुर्घटना छानविनका लागि समिति

दमक। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रोल्पाको थवाङ गाउँपालिका(१, सल्यापमा भएको जिप दुर्घटनामा २० जनाको मृत्यु भएको घटनाप्रति दुख व्यक्त गरेको छ। सरकारले घटना भएको तीन दिनपछि शोक विज्ञप्ति जारी गर्दै दुर्घटनाप्रति औपचारिक रूपमा गहिरो दुःख व्यक्त गरेको हो।

साथै बिहीबार घटेको उक्त दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन गृह मन्त्रालयको नेतृत्वमा लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षकको संयोजकत्वमा चार सदस्यीय छानबिन समिति गठन गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। समितिलाई ३ दिनभित्र प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ।

सहसचिव हेमराज अर्यालद्वारा हस्ताक्षरित विज्ञप्तिमा दुर्घटनाप्रति दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली र शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेको छ। साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना पनि गरिएको छ।

**रास्वपाद्वारा दुःख ब्यक्त**

रोल्पा दुर्घटना प्रति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले दुःख व्यक्त गरेको छ। प्रवक्ता मनिष झाले एक विज्ञप्ति जारी गर्दै दुःख व्यक्त गरेका हुन्। दुर्घटनामा परी ज्यान गुमाउनु भएका सम्पूर्णप्रति रास्वपा गहिरो दुःखका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ। एकैपटक यति धेरै मानवीय क्षति भएको यो पीडादायी घटनाले हामीलाई स्तब्ध र मर्माहत बनाएको छ। यस असह्य क्षणमा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै, घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं', जारी विज्ञप्तिमा उल्लेख छ।

## नाकामै रोकिए कन्टेनर

दमक/ जाँचपास बारे सरकार र व्यवसायीबीच विवाद नमिलेपछि वैशाख १५ देखि सीमा नाकाहरूबाट भित्रिने सामान जाँचपास भएको छैन। जसका कारण नाकामानै नेपालका लागि समान ल्याएका कन्टेर रोकिएका छन्।

वैशाख १५ देखि रोकिएका गाडीले भन्सार परिसर भरिन थालेको छ। भन्सार विभागको अनुमानित तथ्यांक अनुसार करिब तीन हजार कन्टेनर भन्सार जाँचपास नभई बाटोमै अड्किएका छन्। नाकामा सामान अड्किँदा एकातिर व्यवसायी समस्यामा परेका छन् भने अर्कातिर बजारमा कतिपय सामान नपाइने अवस्था देखिन थालेको छ। यस क्रममा भन्सार विभागले समाधानका लागि विकल्पसहित अघि सारेको प्रस्ताव उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मानेको थियो। तर त्यसमा प्रधानमन्त्री बाँकी ४ पेजमा ▸▸

## ओली वंशको केन्द्रीय अध्यक्षमा उमानाथ चयन

बिर्तामोड। बिर्तामोडमा सम्पन्न ओली वंश समन्वय केन्द्रीय समितिको अधिवेशनले उमानाथ ओलीको अध्यक्षतामा २१ सदस्यीय केन्द्रीय समिति सर्वसम्मत रूपमा चयन गरेको छ। सोही क्रममा जिल्ला शाखाको अधिवेशन पनि सोही हलमा सम्पन्न भएको छ। कार्यक्रममा ८३ वर्षीया जेष्ठ आमा पुण्यमाया ओलीसहित जेष्ठ नागरिकहरू तथा उत्कृष्ट विद्यार्थी सम्मानित भएका छन्।

अधिवेशनले वंशीय एकता सुदृढ गर्ने, सामाजिक उत्तरदायित्वलाई थप प्रभावकारी बनाउने र सांस्कृतिक संरक्षणलाई प्राथमिकतामा राख्ने विषयमा महत्वपूर्ण निर्णयहरू गर्‍यो। कार्यक्रम भवानी ओली को अध्यक्षता तथा गङ्गा ओली को प्रमुख आतिथ्यमा सम्पन्न भयो। नवगठित समितिको वरिष्ठ उपाध्यक्षमा जगदीश ओली, उपाध्यक्षहरूमा केशवमणि ओली र निमबहादुर ओली चयन भए। महासचिवमा मोहनप्रसाद ओली चयन हुँदा सचिवहरूमा जागेश्वर ओली र जीवन ओली चयन भए।

यस्तै कोषाध्यक्षमा यज्ञराज ओली चयन भए बाँकी ४ पेजमा ▸▸



**ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने।
५) कृतिम दाँत राख्ने।
६) दाँतको खोल राख्ने।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श।
१२) मुखको साधारण सल्यक्रिया सेवा। Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा। Major Sugery
१४) दाँतको Implant गर्ने।
१५ ) दाँतको OPD सेवा।

**आवद्ध डाक्टरहरू**

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

सम्पादक/प्रकाशक : गञ्जबहादुर दाहाल
ले-आउट : सुरेन बस्नेत
मुद्रक : अमरज्योति अफसेट, प्रेस, दमक- ११
कार्यालय : दमक-५ फोन:५८०२७२

## प्रकाशकीय

# शिक्षा सुधारका अपेक्षा र यथार्थ

देशभर नयाँ शैक्षिक सत्रका क्रममा भर्ना अभियान चलिरहेको छ । देशमा नयाँ सरकार आएको छ, जसले धेरै नीतिगत कुराहरूमा हेरफेर समेत गरेको छ । सरकारले ल्याएका नीति र पत्राचारलाई लिएर झापामा पनि शैक्षिक उभार ल्याउने दिशातर्फ उन्मुख रहेको छ । सोही क्रममा झापाको दमक नगर अहिले शिक्षा सुधारको स्थानीय प्रयोगशालाजस्तै बनेको छ । देशभर शिक्षा प्रणाली असमानता, गुणस्तरको खाडल र निजी(सामुदायिक विद्यालयबीचको विभाजनको बहस चर्किरहेका बेला दमकमा भने नयाँ शैक्षिक सत्रलाई व्यवस्थित बनाउन गरिएको प्रयासले केही सकारात्मक संकेत दिएको छ। तर नीति घोषणा र कार्यान्वयनबीचको दूरी अझै टाढा छ, जसले शिक्षा सुधारलाई चुनौतीपूर्ण बनाइरहेको छ ।

शिक्षा क्षेत्र लामो समयदेखि निजी विद्यालयको मनपरी भर्ना र शुल्क असुलीको चक्रमा चल्दै आएको छ । यही सन्दर्भमा सरकारले नयाँ शैक्षिक सत्रसँगै भर्ना अभियानलाई वैशाख १५ गतेदेखि मात्र सञ्चालन गर्नुपर्ने र त्यसअघि लिइएको शुल्क फिर्ता गर्नुपर्ने निर्देशन दिएको छ । दमक नगरपालिकाले पनि सोही नीति कार्यान्वयन गर्दै विद्यालयहरुलाई स्पष्ट परिपत्र जारी गरेको छ । नगर शिक्षा शाखा प्रमुख प्रविण खड्काका अनुसार हालसम्म औपचारिक उजुरी नआए पनि सामाजिक सञ्जालमा उठेका गुनासोले समस्या अझै पूर्ण रुपमा समाधान नभएको देखाउँछ ।

दमकमा देखिएको अर्को महत्वपूर्ण पक्ष भनेको स्थानीय तहको सक्रियता हो। नगरपालिकाले प्रधानाध्यापकहरुसँग बैठक गरी वार्षिक कार्ययोजना अनिवार्य बनाउने, पाठ्यपुस्तक वितरणलाई व्यवस्थित गर्ने र विद्यार्थी संख्याको आधारमा बजेट पठाउने नीति अघि सारेको छ । यसले सामुदायिक विद्यालयमा स्रोत व्यवस्थापन सुधार गर्ने अपेक्षा गरिएको छ । तर शुल्क निर्धारणसम्बन्धी अन्योलले अझै निजी र सामुदायिक शिक्षाबीचको दूरी स्पष्ट रुपमा देखाइरहेको छ ।

देशभर सरकारले शैक्षिक सुधारका नाममा केही महत्वपूर्ण नीति अघि सारेको छ( जस्तै परीक्षा नतिजा समयमै सार्वजनिक गर्ने, कक्षा ५ सम्म वैकल्पिक मूल्याङ्कन प्रणाली लागू गर्ने, डिजिटल प्रमाणपत्र सेवा विस्तार गर्ने र एनओसी घरबाटै उपलब्ध गराउने योजना । यी कदमहरुले शिक्षा प्रणालीलाई आधुनिक बनाउने सम्भावना बोके पनि कार्यान्वयनको क्षमतामाथि प्रश्न भने कायमै छ ।

दमककै सन्दर्भमा हेर्दा, नीति राम्रो भए पनि व्यवहारिक चुनौतीहरु अझै गम्भीर छन्। निजी विद्यालयहरु कतिपय अवस्थामा सरकारी निर्देशनलाई पूर्ण रुपमा पालना गर्न तयार देखिँदैनन् भने सामुदायिक विद्यालयहरु स्रोत, जनशक्ति र पूर्वाधारको कमीबाट जुधिरहेका छन्। यसले शिक्षा समानताको लक्ष्यलाई अझ टाढा पुऱ्याइरहेको छ ।

शिक्षकहरुको समस्या पनि अर्को प्रमुख चुनौती हो। देशका विभिन्न भागमा तलब नपाएको, सरूवा(विवाद र ऐन अभावका मुद्दा उठिरहेका छन् । दमकजस्ता नगरमा यी समस्या प्रत्यक्ष नदेखिए पनि राष्ट्रिय स्तरका यी मुद्दाहरुले स्थानीय शिक्षा प्रणालीमा प्रत्यक्ष प्रभाव पार्ने निश्चित छ ।

समग्रमा, दमकमा देखिएको शिक्षा सुधार प्रयासले स्थानीय तह सक्रिय भएमा परिवर्तन सम्भव छ भन्ने सन्देश दिएको छ । तर नीति घोषणा मात्र पर्याप्त होइन। कार्यान्वयन, अनुगमन र जवाफदेहिता सुनिश्चित नभएसम्म शिक्षा सुधार कागजमै सीमित रहन सक्छ। शिक्षा जस्तो संवेदनशील क्षेत्रमा दीर्घकालीन दृष्टिकोण, समान अवसर र गुणस्तरीय पहुँच सुनिश्चित गर्न सके मात्र दमक जस्ता नगरहरु वास्तविक परिवर्तनका उदाहरण बन्न सक्छन् ।

# गाँठो पार्ने हात, सास्ती भोग्ने दाँत



संकेत कोइराला

**मानिस समस्याका कारण आत्तिन्छन्, रून्छन्, कराउँछन्, गुनासो गर्छन् । तर समस्या त हरेक युगमा थियो । रामराज्यमा अपराध गरेपछि अपराधीहरु सर सर आफैँ जेल जान्थे । यद्यपि रामराज्यमै कैकेयीलाई दलाली सिकाउने मन्थराजस्ता पात्र नेपथ्यमा सक्रिय थिइन् । रावण राजमा कुलद्रोह गरेरै भएपनि सत्यपथ नछोड्ने विभीषण थिए । जति ठक्कर खाए पनि इमान नछोड्ने कर्णजस्ता अमर पात्र थिए । सत्य अँगाल्ने तर अन्याय विरूद्ध नबोल्ने भीष्म पितामहजस्ता लाचार पात्रको अन्त्य सुखद् रहेन ।**

एउटा धनी मानिस अस्पतालको बेडमा थियो। उपचारका सबै प्रयास निष्फल भएपछि डाक्टरले सन्तान बोलाएर घर व्यवहारको काम जिम्मा लगाउन आग्रह गरे। ती धनी मानिसले सन्ततिको सट्टा मुन्सी बोलाउन लगाए। मुन्सीसँग उनले सम्पत्तिको सम्पूर्ण फेहरिस्त मागे। लगत्तै ज्योतिष मगाए।

ज्योतिषसँग उनको जिज्ञासा थियो( 'अर्को जुनीमा म कुन ठाउँमा जन्म लिन्छु ?' ज्योतिषले पेसाअनुसार कुनै ठाउँको नाम लिएर त्यहीँ सालनाल गाडिने ठोकुवा गरे। ती महाजनले तत्काल वकिल झिकाएर आदेश दिए( 'मेरो सम्पूर्ण जायजेथा ज्योतिषले भनेको ठाउँमा स्थानान्तरण गरी मेरा नाममा पास गराउनू।'

यो ठट्टा नेपाली राजनीतिका सारथीसँग हुबहु मेल खान्छ। सत्ता पाएर के गर्नुपर्छ ? त्यो सत्यसँग दश कोश टाढा भएपनि सत्ताको चास्नी उनीहरूका लागि रुचिकर छ। भर्तृहरि नीतिले भनेको छ( 'कहिले साँचो, कहिले झूठो, कहिले कठोर, कहिले मधुर, कहिले हिंस्रक, कहिले खर्चिलो, कहिले प्रशस्त कमाउने यसप्रकार वेश्यासमान राजनीतिका अनेकौं रूप हुन्छन्।'

मानिस समस्याका कारण आत्तिन्छन्, रुन्छन्, कराउँछन्, गुनासो गर्छन्। तर समस्या त हरेक युगमा थियो। रामराज्यमा अपराध गरेपछि अपराधीहरू सरासर आफैँ जेल जान्थे। यद्यपि रामराज्यमै कैकेयीलाई दलाली सिकाउने मन्थराजस्ता पात्र नेपथ्यमा सक्रिय थिइन्। रावण राजमा कुलद्रोह गरेरै भएपनि सत्यपथ नछोड्ने विभीषण थिए। जति ठक्कर खाए पनि इमान नछोड्ने कर्णजस्ता अमर पात्र थिए। सत्य अँगाल्ने तर अन्याय विरुद्ध नबोल्ने भीष्म पितामहजस्ता लाचार पात्रको अन्त्य सुखद् रहेन।

अहिले जसरी विज्ञापन गर्नेको संसार छ, त्यो बेला रावणले सीता हरण गरेको अन्तिम सूचना दिएर प्राण परित्याग गर्ने जटायुको खुटखबर पाइँदैन। त्यो सूचना नपाएको भए सम्भवत: रामायण पहिलो पृष्ठमै अन्त्य हुनसक्थ्यो। नल र निल रामायणकालीन त्यस्ता सिद्धहस्त ईन्जिनीयर थिए, जसले सागरमा फालेको ढुङ्गा मात्र तैरिन्थ्यो। तिनै नल र निलले रातारात तयार गरेको पुलले रामलाई अयोध्याको सार्थक नेता बनायो। रामायण, महाभारत, गीताको प्रचार भएर नै ती ग्रन्थ अमर दस्तावेज बने। तिनैको हाराहारीमा रहेको राजा जनक र अष्टावक्रको प्रश्नोत्तर रहेको 'अष्टावक्र गीता' ओझेलमा पऱ्यो।

प्रकृतिको आफ्नो नियम छ। संसारका हरेक प्राणीका लागि समयको लक्ष्मणरेखा एउटै हो। नुन र सुनको भाउ एउटै भएका दिन सत्ययुग प्रारम्भ हुने पण्डितहरूको तर्क छ। तर समय पानी हो। यसमा कस्तो रङ्ग मिसाउने त्यो मानव कर्ममा निर्भर रहन्छ। बहुमतको सरकार आएपछि सूर्य पूर्वबाट उदाएर पश्चिम अस्ताउने गरेको होइन। मुलुक संघीयतामा गएलगत्तै लामखुट्टे मानिसको रगत चुस्ने कलामा पारङ्गत भएको होइन। गाईले घाँस खान र बाघले मृग मार्न संविधान बनेपछि थालेको होइन। गर्मी मौसममा हिन्दु, मुस्लिम, इसाई, बौद्धिष्ट सबैलाई खलखली पसिना आउँछ। खुर्सानीको पीरोले सबैलाई राल सिँगान बनाउँछ। टिम्मुरले सबैको जिब्रो उत्तिक्कै पर्पराउँछ। काँडाले घोच्दा सबैको हातखुट्टाबाट रातै रगत निस्कन्छ। खुसी हुँदा धराका सम्पूर्ण मानिसको अनुहारबाट निस्कने उच्छ्वास एकै हो।

मन दुख्दा आँखाबाट निस्कने नुनिलो आँसुको प्रकृति समान हो। मानिसको आँखाबाट निस्कने आँसु त्यस्तो पदार्थ हो, जहाँ एक प्रतिशत पानी र उनान्सय प्रतिशत भाव हुन्छ। त्यसैले आँसुसँग ठट्टा गर्नु हुँदैन। कर्म नराम्रो छ भने भाग्य पनि रुन्छ। सबैलाई थाहा छ( हिँड्ने गोरुकै पुच्छर निमोठिन्छ। लच्केको हाँगा झन् लच्काउन मानिसलाई मज्जा लाग्छ। जङ्गलमा सुरिलो र सीधा रुख नै काटिन्छ। अरु त अरु तपाईंका इन्द्रिय नै स्वार्थी छन्। अन्धकार भएपछि आँखाले नै धोका दिन्छ, देखिँदैन। दिन ढलेपछि छायाँले छोड्छ। जीवन एउटा वाक्य हो। जवानी डिक, वृद्ध कमा अनि मृत्यु फूलस्टप। झुटले सत्यलाई दु:ख दिन त सक्छ तर परास्त गर्न सक्दैन। केराको पातजस्तो सपाट जीवन त किताबका अक्षरमा मात्र हुन्छ। पूर्णता खोज्ने हो, अन्तत: अपूर्णता स्वीकार्ने हो।

बुद्धवाणी छ- 'धान नबन चामल बन, धान बनेमा फेरि तिमीलाई यो दु:खरूपी हिलोमा रोप्ने छन्। चामल बने मुक्ति पाउने छौ।' मूल्य पानीको हैन, प्यासको हुन्छ। मूल्य मृत्युको नभई सासको हुन्छ। मूल्य प्रेमको नभएर विश्वासको हुन्छ।

छाताले पानी त रोक्न सक्दैन। वर्षामा उभिने साहस दिन सक्छ। आत्मविश्वासले सफलताको ग्यारेन्टी त गर्न सक्दैन तर सङ्घर्ष गर्ने प्रेरणा अवश्य दिन्छ। जन्म लिनु भाग्य हो। मृत्यु समय हो। मृत्युपछि अरुको मनमा जीवित रहनु कर्मको फल हो।

मानिस मिलन चाहन्छ, बिछोड छ। जन्ममा रमाउँछ तर जन्मसँगै मृत्यु टाँसिएर आउँछ। पुण्यको गाथा गाउँछ, पापले सँगसँगै गाँजिहाल्छ। पण्डितभन्दा वकिलको शुल्क महँगो छ। बजारमा सियोभन्दा कैँचीको मूल्य हजार गुना बढी छ। यहाँ, जुटाउने भन्दा फुटाउनेको शान बढी हुन्छ। सामाजिक सञ्जालको बाहुल्यपछि त झन् मानिस विवेक शून्य रोबर्ट बन्दैछ। एक रुपियाँको माल बोकेर मानिस सामाजिक सञ्जालमा करोडौंको दलालीमा समय खर्चिन व्यस्त छ। मेहनतभन्दा मानिस चटकीको उपलब्धीमा रमाएको छ।

मुखबाट बोली निकाल्नुअघि एकपटक सोच्नुस्। लेख्नुअघि दुईपल्ट सोच्नुस्। केही काम गर्नुअघि तीनपल्ट सोच्नुस्। सधैँ हेक्का राख्नुस( घमण्डले मान्छे फुल्न सक्ला तर फैलिन सक्दैन। जो मान्छेसँग धनबाहेक अरु केही छैन नि, त्यो भन्दा महादरिद्र संसारमा अरु कोही हुँदैन। कन्जुसलाई दानी मन पर्दैन। लोभी मगन्तेसँग डाढ गर्छ। रूपवानका लागि बुढ्यौली शत्रु सावित हुन्छ। व्यभिचारी महिलालाई पति मन पर्दैन। गरिबलाई धनी मन पर्दैन। तर जसको मन शोकले व्याकुल छ नि उसलाई केही मन पर्दैन।

मन्त्रको जप गर्ने काम भक्तको हो, तर गन्ने काम भगवानको। प्रेम, धन र जवानीका अगाडि मानिस वफादार हुँदैन। यसरी नकमाउनु कि पाप होस्। यसरी खर्च नगर्नुको ऋण लागोस्। यसरी नखानु कि अपच होस्। यसरी नहिँड्नु कि पुग्न ढिलो होस्।

गाई विभिन्न रङ्गका भएपनि दूध सेतै हुन्छ। अलग अलग धर्मको शैली अलग भएपनि आखिर त्यसको निष्कर्ष एउटै हुन्छ( मानिसले शुभकर्म गर्नुपर्छ। शास्त्र भन्छ( सधैँ एक पन्थ, एक ग्रन्थ र एक सन्तको बाटो अपनाउ। हाँसेर गरेको पापको सजाय रोएर भोग्नुपर्छ। जसरी हातले बाँधेको गाँठो दाँतले टोकेर फुकाउनुपर्छ। दिनेको हात कहिल्यै खाली हुँदैन तर माग्नेको पेट कहिल्यै भरिँदैन।

आजकल पद र पैसाका लागि मानिसको भागदौड छ। तर शान्ति उसले पाएको छैन। किनभने शान्ति सम्पन्नतामा हुँदैन। शान्ति पाउन चार गुणको विकास गर्नुपर्छ( स्वयंसँग मैत्री, करुणा, प्रसन्नता र कृतज्ञता। ज्येष्ठ बन्न सजिलो छ तर श्रेष्ठ बन्न कठिन। श्रेष्ठ बन्न दृष्टिकोण बदल्नुपर्छ।

घरमा अन्न हुनेलाई भन्दा नहुनेलाई बढी भोक लाग्छ। पत्याउनुहुन्छ ? निक्कै विलासी भनिएको देश बेलायतका विद्यार्थीहरू सानो भन्दा सानो विषयमा पनि अज्ञानी ठहरिए। भर्खरै गरिएको एक अनुसन्धान अनुसार बेलायतका १० जनामा एकजनालाई गोलभेँडा बोटमा फल्छ भन्ने पत्तै छैन। उनीहरूको बुझाइमा यो माटोमुनि फल्छ।

एक तिहाइ प्राथमिक विद्यालयका विद्यार्थीहरू भन्छन्( चीज रुखमा फल्छ। १८ प्रतिशत साना विद्यार्थी माछाबाट बनाइने फिस फिंगर कुखुराको मासुबाट बनेको ठान्छन्। के यसो भन्दैमा लोकतन्त्रको जननी बेलायतलाई दुत्कार्न मिल्छ ? अहँ मिल्दैन। भनिन्छ( उपयोग विनाको धन काम छैन। नम्रता विनाको विद्या काम छैन। सहयोग विनाको हात काम छैन। स्वार्थले भरिएको प्रेम काम छैन। होस विनाको जोस काम छैन। पापसँगैको धर्म काम छैन। परोपकारविनाको जीवन काम छैन। योग्यता भएको मानिस कहिलेकाहीँ इमानदार हुँदैन।

एउटा अमेरिकी र एउटा जापानी जुत्ताका एजेन्ट एउटै जहाज चढेर अफ्रिका गए। उनीहरूसँगै उत्रिए। एउटै होटलमा बसे। अमेरिकी कम्पनीका एजेन्टले आफ्नो कम्पनीमा फोन गरेर भन्यो( 'यहाँ सबै खाली खुट्टा हिँड्दा रहेछन्। कसैको जुत्ता किन्ने ल्याकत रहेनछ। त्यसैले म फिर्ता आउँदैछु।' तर जापानी कम्पनीको एजेन्टले खबर पठाएछ( 'यहाँ जुत्ता व्यापारको सम्भावना शतप्रतिशत रहेछ। एक लाख जोर जुत्ता तत्काल पठाउनू।'

हेर्नुस् त एउटा बजार पायो। एउटाले गुमायो। जो मानिस स्वर्ग जाने नाममा हुटहुटिएको हुन्छ, उसैले पृथ्वीलाई बिगारेको हो। एउटा कवितालाई तोडियो भने शब्द मिल्छ, काव्य मिल्दैन। एउटा मानिसलाई काटेर हेरियो भने के हुन्छ ? एउटा राम्रो चित्रलाई २, ४ रुपैयाँको रङ्ग र कुचीको रूपमा परिभाषित गरियो भने के हात लाग्छ ? मूर्ति, फूल तोडियो भने के हुन्छ ? आशावादी मानिसले जहाज बनाउँछ, निराशावादीले प्यारासुट बनाउँछ। यी दुवै नगर्ने मानिस जमिनमा बसेर आलोचना गरेर बस्छ। खबरहब

## सामाजिक सञ्जाल

### 'गति तीव्र, दिशा अस्पष्ट सरकारबारे भण्डारीको मिश्रित टिप्पणी'



नेपाली कांग्रेसका नेता चन्द्र भण्डारीले जनताको चाहना र समयको मागअनुसार बालेन शाह नेतृत्वको सरकार रकेटको गतिमा अगाडि बढ्न खोजिरहेको टिप्पणी गरेका छन। यो सकारात्मक पक्ष भएपनि विकृति र विसंगतिहरु भयावह भएकाले यसको सफाईमा हाहाकार मच्चिन सक्ने उनको भनाइ छ। उनले आफ्नो सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्।

"नेतृत्वको जवानी, जनताको चाहना र समयको मागअनुसार युवाहरू रकेटको गतिमा अघि बढ्न चाहन्छन्। तर विकृति र विसंगति भयावह छ–यसको सफाइमा हाहाकार मच्चिन सक्छ। तसर्थ समस्या ऊर्जामा होइन, दिशामा हो। फरक चेतनामा हो। जडलाई समाप्त नगरी साँचो परिवर्तन सम्भव हुँदैन।

"सत्यका लागि कहिलेकाही असत्यको सहारा लिनुपर्छ" भन्ने विचार सँगसँगै एउटा प्रश्न उठ्छ–कस्का लागि ? उत्तर स्पष्ट छ: मानवताको लागि। राज्यको आँखा नपुगेका नागरिक–"भविष्य बोकेका बालबालिका–राज्यको पहिलो प्राथमिकतामा पर्नैपर्छ। तब मात्र मुलुक बलियो र सुरक्षित हुन्छ।"

### विस्थापित सुकुम्वासीका लागि 'ज्ञ' क्रान्तिको खाका



एमालेका नेता **शंकर पोखरेल**ले प्रधानमन्त्री बालेनलाई यस्तो भनेछन- विस्थापित सुकुम्वासीका लागि 'ज्ञ' क्रान्तिको खाका चाहियो प्रधानमन्त्रीज्यू

२०७५ सालमा वारा-पर्सामा आएको भीषण आँधीले २८ भन्दा बढी नागरिकको ज्यान लियो, ११५० भन्दा बढी घाइते भए, झण्डै २५०० घरमा क्षति पुग्यो र हजारौं मानिस घरवारविहीन बने। त्यो बेला सरकारले छोटो समयमै आवास निर्माण गरी प्रभावित नागरिकलाई पुन:स्थापित गरेको थियो–यो राज्यको जिम्मेवारीप्रति देखिएको सकारात्मक उदाहरण थियो।

तर आज अवस्था फरक देखिन्छ। सरकारले आफैं सुकुम्बासी बस्तीमा डोजर चलाएर हजारौंलाई घरवारविहीन बनाएको छ। बर्खा आउनुअघि पुन:स्थापना नगर्ने हो भने गम्भीर मानवीय संकट निम्तिने निश्चित छ। अस्थायी सेल्टरहरूको दयनीय अवस्था त्यहाँ पुग्नेहरूलाई फोटो खिच्न समेत रोक लगाइएको तथ्यले स्पष्ट पार्छ।

"वास्तविक क्रान्ति ज्ञ (ज्ञान)बाट सुरु हुन्छ" भन्ने प्रधानमन्त्रीले आजको यो संकटमा कस्तो क्रान्तिकारी कदम चाल्दै हुनुहुन्छ? प्रभावित तथा असुरक्षित महसुस गरिरहेका सुकुम्बासी नागरिकलाई स्पष्ट योजनाका साथ समयमै आश्वस्त पार्नुपर्ने हैन र?

मानवता, मानवीय जिम्मेवारी र दीगो समाधानतर्फ सरकार गम्भीर बनोस्।

# सांस्कृतिक भूमि संरक्षणमा इटहरीमा गोष्ठी

◆ सुप्रिया राई



इटहरी। किरात राई यायोक्खा प्रदेश कार्यसमितिको आयोजनामा सांस्कृतिक भूमि संरक्षणका लागि नीति तथा ऐन निर्माण सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी सम्पन्न भएको छ।

किरात राई यायोक्खा प्रदेश कार्यसमितिका अध्यक्ष पारसमनी राईको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा चन्द्र हतुवाडी र अधिवक्ता भीम राईले सहजीकरण गरेका थिए।

गोष्ठीमा जनजाति समुदायको पुरानो संस्कार र संस्कृति संरक्षण गर्ने उपायहरूबारे गहन छलफल गरिएको थियो। साथै परम्परागत सांस्कृतिक भूमिहरूमा स्वास्थ्य केन्द्र, प्रहरी चौकी लगायतका सरकारी संरचना निर्माणका नाममा भएको अतिक्रमणलाई कसरी व्यवस्थापन तथा फिर्ता गर्न सकिन्छ भन्ने विषयमा समेत सहभागीहरूले आफ्ना धारणा राखेका थिए। कार्यक्रममा सुनसरी जिल्लाका विभिन्न जनजाति संघसंस्थाका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो। सहभागीहरूले सांस्कृतिक पहिचान जोगाउन एकीकृत पहल आवश्यक रहेकोमा जोड दिएका छन्।

# सुकुमबासीका विषयमा पूर्व गृहमन्त्री श्रेष्ठका टिप्पणी




नेपाल कम्युनिस्ट पार्टीका नेता तथा पूर्व गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुकुम्बासी बस्ती हटाउने क्रममा सरकारले डोजर प्रयोग गरेको कार्यको कडा आलोचना गरेका छन्। उनले बालेन शाह नेतृत्वको सरकारको कदमलाई "डोजर आतंक" भन्दै सुकुम्बासीमाथि दमन गरिएको बताएका हुन्। श्रेष्ठका अनुसार आफू गृहमन्त्री हुँदा नै बालेनसँग सुकुम्बासी व्यवस्थापनको विषयमा मतभेद भएको थियो। बालेनले सुरक्षा बल प्रयोग गरेर बस्ती हटाउने प्रस्ताव राख्दा आफूले भने पहिले वास्तविक र नक्कली सुकुम्बासी छुट्याएर तथ्यांक तयार गर्नुपर्ने धारणा राखेको उनले बताएका छन्।

उनले सुकुम्बासी पनि नेपाली नागरिक भएकाले सम्मानपूर्वक बाँच्न र आवास पाउने अधिकार रहेको उल्लेख गरे। वैकल्पिक बसोबासको व्यवस्था नगरी बस्ती हटाउनु गैरजिम्मेवार र अमानवीय भएको उनको भनाइ छ। साथै, सुकुम्बासी समस्या समाधानका लागि वैज्ञानिक, योजनाबद्ध र न्यायपूर्ण तरिकाले अघि बढ्नुपर्नेमा उनले जोड दिएका छन्।

श्रेष्ठले सरकारलाई सुकुम्बासीप्रति हेर्ने दृष्टिकोण परिवर्तन गर्न र डोजर प्रयोग गरेर जबर्जस्ती विस्थापन गर्ने नीति तुरुन्त सच्याउन आग्रह गरेका छन्।









# परालको आगो : प्रेम, पीडा र सम्बन्धको पुनर्मूल्यांकन



ओमप्रकाश गौतम
omgautam2078@gmail.com




चलचित्र समिक्षा

जीवन सुख र दुःखको संगम हो। कहिले खुशीले मन भरिन्छ, कहिले पीडाले आत्मा चिरिन्छ। तर यथार्थ के हो भने, न सुख स्थायी हुन्छ, न दुःख। हामी सबैले यो कुरा बुझ्छौं, तर व्यवहारमा लागू गर्न सक्दैनौं। अरूको पीडामा हाँस्ने, सहयोग गर्नुको सट्टा खुट्टा तान्ने, सामाजिक सञ्जालमा नकारात्मकता फैलाउने प्रवृत्तिले हाम्रो मानवीयता नै खुम्चिँदै गएको छ। यही यथार्थलाई गहिरो रूपमा स्पर्श गर्ने कथा हो('परालको आगो'।

वरिष्ठ कथाकार गुरुप्रसाद मैनाली द्वारा लिखित 'नासो' सङ्ग्रहमा समेटिएको यो कथा केवल दुई जोडीको प्रेमकथा मात्र होइन, समाजको ऐना हो। यसै कथामा आधारित नेपाली चलचित्र 'परालको आगो'ले ग्रामीण जीवन, सम्बन्धको उतारचढाव र मानवीय कमजोरीलाई अत्यन्त सजीव रूपमा प्रस्तुत गरेको छ।

मैनालीको कथा पढ्दा मनमा हिजो जुन दार्जिलिङ वा सिक्किमको पहाडी परिवेशको कल्पना हुन्थ्यो, सोही आभास दिलाउन निर्माण टिमले म्याग्दीको उच्च पहाडी भेग " धारापानी " लाई छायांकन स्थल रोजेर बनाइएको नेपाली चलचित्र हो यो। लक्ष्मण सुनारद्वारा निर्देशित यो चलचित्र हरि ओम सिने पिक्चर्स प्रालिको ब्यानरमा निर्माण भएको यस चलचित्रलाई सुशील देवकोटाले मूल कृतिबाट पटकथा भरेर सुनमाथी सुगन्ध भरेका छन भने यो चलचित्र वरिष्ठ चलचित्र निर्देशकका रुपमा स्थापित प्रताप सुब्बाले निर्देशकको प्रमुख भूमिका निर्वाह गरेर निर्माण गरेकाले पनि आज सफल बन्न पुग्यो, यो चलचित्र। अहिलेसम्म सार्वजनिक भएका टिजर, पोष्टर र दुईवटा गीतले झनै सकारात्मक सन्देश प्रवाह गरेको छ।

चलचित्रको परिवेश ग्रामीण जीवन हो, जहाँ सम्बन्धहरू सरल देखिए पनि भित्रभित्रै जटिल हुन्छन्। कथामा दुई जोडी(जुठे(सुन्तली र चामे(गौथली(मार्फत दाम्पत्य जीवनका साना(साना मनमुटाव कसरी ठूलो समस्यामा परिणत हुन्छन् भन्ने देखाइएको छ। सौगात मल्ल र सृजना अधिकारीले जुठे(सुन्तलीको भूमिकामा परिपक्वता देखाएका छन् भने प्रकाश सपुत र सुहाना थापाले चामे(गौथलीको भूमिकामा जीवन्त अभिनय गरेका छन्।

'परालको आगो' शीर्षक आफैंमा प्रतीकात्मक छ। परालमा लागेको आगो जस्तै सानो झगडा पनि समयमै निभाउन सकिएन भने त्यसले घर(परिवार नै जलेर खरानी हुन सक्छ। चामे र गौथलीको सम्बन्धमा यही अवस्था देखिन्छ। सन्देह, अहंकार र असमझदारीका कारण चामेले गौथलीलाई बारम्बार पीडा दिन्छ। अन्ततः गौथली घर छोडेर माइत जान्छे। त्यसपछि मात्र चामेले आफ्नो गल्ती महसुस गर्छ(घर चलाउनु, सम्बन्ध सम्हाल्नु र मायाको मूल्य बुझ्नु सजिलो हुँदैन।

यता जुठे र सुन्तलीको सम्बन्धले सहनशीलता र धैर्यताको उदाहरण प्रस्तुत गर्छ। श्रीमानको कठोर व्यवहार सहेर पनि परिवार जोगाउन प्रयास गर्ने सुन्तलीको चरित्रले नेपाली ग्रामीण महिलाको वास्तविकता उजागर गर्छ। यसरी चलचित्रले महिला पीडा, सहनशीलता र प्रेमको गहिराइलाई मार्मिक ढंगले प्रस्तुत गरेको छ।

चलचित्रमा देखाइएका घटनाहरू केवल कथा मात्र होइनन्, हाम्रो समाजको यथार्थ हुन्। आज पनि साना(साना अहंकार, रिस र अविश्वासले सम्बन्ध बिगारिरहेका छन्। परिवार टुटिरहेका छन्, समाजमा भाइचारा कमजोर हुँदै गएको छ। यही सन्दर्भमा 'परालको आगो'ले एउटा महत्वपूर्ण सन्देश दिन्छ(सम्बन्ध जोगाउन संवाद, समझदारी र माया आवश्यक हुन्छ।

चलचित्रको संगीत पक्ष पनि उत्तिकै सशक्त छ। विशेषगरी प्रकाश सपुत र शान्ति श्री परियारको स्वरमा रहेको गीतले जीवनको यथार्थलाई भावनात्मक रूपमा प्रस्तुत गर्छ। गीत, अभिनय र कथावस्तुको संयोजनले दर्शकलाई कहिले हसाउँछ, कहिले रुवाउँछ, अनि अन्ततः सोच्न बाध्य बनाउँछ।

'परालको आगो' केवल मनोरञ्जनका लागि बनेको चलचित्र होइन, यो सामाजिक चेतनाको कथा हो। यसले हामीलाई आफ्नो व्यवहार पुनर्विचार गर्न प्रेरित गर्छ(के हामी वास्तवमै मानवीय छौं ? के हामीले सम्बन्धलाई जोगाउन सकेका छौं ?

अन्ततः, यो कथा मिलनमा टुंगिन्छ। चामेले आफ्नो गल्ती सुधार्दै गौथलीलाई पुनः घर फर्काउँछ। दुई जोडीको पुनर्मिलनसँगै कथा समाप्त हुन्छ, तर सन्देश भने मनमा गहिरो गरी बस्छ(साना झगडाले ठूलो विनाश निम्त्याउन सक्छ, तर समयमै बुझेर सुधार गर्न सकियो भने सम्बन्ध फेरि फुल्न सक्छ।

यसैले 'परालको आगो' केवल कथा होइन, जीवन बुझ्ने एउटा दर्पण हो।

## विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

# एडमण्ड हेली



◆ सुमित्रा सिंह

*इङ्ल्याण्ड : खगोलशास्त्री*
*जन्म : सन् १६५६ मृत्यु : सन् १७४२*

*एडमण्ड हेली ब्रिटिश खगोलशास्त्री थिए। ग्रहहरु, उपग्रहहरु र ताराहरुको गति, तिनीहरुको सूर्यको परिक्रमा आदि बारे निकै पहिले ज्ञात भइसकेको थियो, तर अचानक देखिने धूमकेतुहरुका विचित्र चालहरुसँग खगोलशास्त्रीहरु पनि रणभुल्लमा थिए। यसलाई सुल्झाए एडमण्ड हेलीले। जुन धूमकेतुको बारेमा खोज गरेर उनले बताए, त्यसको नाम उनैको नाममा हेली धूमकेतु राखियो। उनले २४ धूमकेतुहरुको अध्ययन गरे। हेलीले न्यूटनका कार्यहरुमा पनि सहायता गरे। तर उनी यस सम्बन्धमा न्यूटनभन्दा पनि अगाडि थिए।*

*यो धूमकेतु ७५ वर्षको अन्तरमा पटक-पटक देखिनेछ भन्ने कुरा हेलीले नै बताएका थिए। यो पनि नियमित रुपले घुम्ने आकाशचारी नै हो भन्ने कुरा पहिलो पटक वैज्ञानिकहरूले थाहा पाए। हेलीले केही यस्ता धूमकेतुहरु पनि पत्ता लगाए, जुन थोरै-थोरै समयपछि देखिन्छन्। यिनीहरुमा सबैभन्दा कम अवधि साढे तीन वर्ष हो।*

*१९८६ मा जुन 'हेली कमेट' (धूमकेतु) आकाशमा देखिएको थियो, हेलीले यो पुनः देखिने भविष्यवाणी निकै पहिले गरिसकेका थिए। उनले धूमकेतुहरुको बारेमा गहिरो अध्ययन गरेका थिए र धूमकेतुहरु सूर्यको परिक्रमा गर्दछन् भन्ने कुरा सिद्ध गरिदिएका थिए। एडमण्ड हेली अक्सफोर्ड विश्वविद्यालयमा खगोलशास्त्रका प्रोफेसर थिए। हेलीद्वारा धूमकेतुहरुको बारेमा दिइएका नवीन जानकारीहरुको कारणले खगोल-विज्ञान सदैव उनको ऋणी रहनेछ।*

## सन्दर्भ : उभौली पर्व

# प्रकृतिसँगको सहअस्तित्वको उत्सव




धरान। प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमासँगै किरात राई समुदायले मनाउने उभौली चाड देशभर भूमेस्थानमा पूजा आराधना गर्दै सुरु भएको छ। प्रकृतिपूजक समुदायको यो महत्वपूर्ण पर्वलाई 'साकेला' नामले पनि चिनिन्छ। बाली लगाउनुअघि राम्रो उत्पादन होस् भन्ने कामनासहित भूमिको पूजा गर्ने परम्परासँग जोडिएको उभौली, प्रकृतिप्रति कृतज्ञता प्रकट गर्ने चाड हो।

उभौली चाड एक दिन मात्र सीमित हुँदैन, यो पूर्णिमादेखि सुरु भएर एक महिनासम्म विभिन्न सांस्कृतिक गतिविधिसहित मनाइन्छ। यस अवधिमा साकेला थानहरूमा ढोल(झ्याम्टाको तालमा 'सिली' नाच नाच्ने परम्परा रहेको छ। सिली नाचमा प्रकृति, जनावर र दैनिक जीवनका गतिविधिहरूको अभिनय गरिन्छ, जसले मानव र प्रकृतिबीचको सम्बन्धलाई झल्काउँछ।

आधुनिक सहरका रूपमा परिचित धरानमा पनि उभौलीले विशेष रौनक ल्याएको छ। सामान्यतया पाश्चात्य संगीतमा रमाउने युवा पुस्ता अहिले मौलिक भेषभूषामा सजिएर साकेला सिलीमा उत्साहपूर्वक सहभागी भइरहेका छन्। यसले नयाँ पुस्तामा आफ्नो संस्कृतिप्रति बढ्दो चासो देखाउँछ।

उभौलीलाई ऋतु परिवर्तनको संकेतका रूपमा पनि लिइन्छ। गर्मी सुरु भएसँगै मानिस, पशुपंक्षी र प्रकृति सबै उँभो लाग्ने विश्वास गरिन्छ। यही 'उँभो' शब्दबाट 'उभौली' नाम रहन गएको मानिन्छ। यस पर्वमा पितृ पूजा गर्ने, प्रकृतिलाई धन्यवाद दिने र सामूहिक रूपमा नाचगान गर्ने चलनले समुदायबीचको एकता मजबुत बनाउँछ।

किरात समुदायका राई, लिम्बू, सुनुवार र याख्खा जातिहरूले फरक(फरक नामले चिनाए पनि यसको मूल भावना एउटै छ(प्रकृतिसँग सहअस्तित्व। आजको आधुनिक समाजमा पनि यो चाडले मौलिक संस्कृति जोगाउने, आपसी सम्बन्ध सुदृढ बनाउने र प्रकृतिप्रति सम्मान जगाउने महत्वपूर्ण भूमिका खेलेको छ।

यसरी उभौली केवल पर्व मात्र नभई जीवनशैली, संस्कार र प्रकृतिप्रतिको श्रद्धाको प्रतीक बनेको छ।

## प्रेरक कथा

# २१ पटकको प्रयासपछि विष्णु राईले पाए सफलता

विवश कुलुङ




धनकुटा। जीवनमा सफलता सजिलै प्राप्त हुँदैन भन्ने सत्यलाई सोलुखुम्बुका विष्णु राईले आफ्नो संघर्षबाट प्रमाणित गरेका छन्। १६ वर्षको उमेरदेखि पर्यटकको भरिया बनेर जीवनयात्रा सुरु गरेका राई आज २२औँ प्रयासमा शाखा अधिकृत बनेका छन्। उनको कथा केवल व्यक्तिगत सफलताको कथा होइन, निरन्तर प्रयास, धैर्यता र आत्मविश्वासको प्रेरणादायी उदाहरण हो।

बाल्यकालमै आर्थिक अभावका कारण उनले पढाइसँगै काम गर्नुपर्‍यो। पर्यटकको भारी बोक्दै उनले हिमालका बाटाहरू चिने, जीवनका कठिनाइहरू बुझे। समयसँगै उनको अनुभव बढ्दै गयो। भरियाबाट किचन ब्वाइ, त्यसपछि असिस्टेन्ट गाइड हुँदै उनी २०७२ सालमा पूर्णकालीन गाइड बने। यस क्रममा उनले पर्यटन क्षेत्रमा राम्रो सम्भावना देखेका थिए, तर जीवन सधैं सोचेअनुसार अघि बढ्दैन।

कोरोना महामारीले पर्यटन व्यवसायलाई ठप्प बनायो। पर्यटक आउन बन्द भएपछि उनको आम्दानी शून्यमा झर्‍यो। बाध्य भएर उनले नयाँ बाटो रोज्ने निर्णय गरे। विदेश जाने योजना बनाए पनि जर्मनीको भिसा अस्वीकृत भएपछि उनको अर्को सपना पनि अधुरै रह्यो। यही मोडमा उनले जीवनको नयाँ दिशा भेटे।

काठमाडौँको बागबजारमा एक दिन भेटिएका साथी डिकधन कुलुङले दिएको लोकसेवा तयारीको पुस्तक विष्णु राईको जीवन परिवर्तनको आधार बन्यो। उनले पर्यटन छाडेर निजामती सेवातर्फ ध्यान केन्द्रित गरे। तर सफलता तत्काल आएन। दुई वर्षसम्म निरन्तर प्रयास गर्दा पनि उनले सफलता हात पार्न सकेनन्।

२०७७ सालदेखि उनले नियमित रूपमा लोकसेवा परीक्षा दिन थाले। एक(दुई पटक होइन, लगातार २१ पटक असफल भए। विभिन्न निकायका अधिकृत, नायब सुब्बा, खरिदार, सहायक प्रबन्धकजस्ता पदका परीक्षामा उनले प्रयास गरे। कतिपयमा लिखित पास गरेर पनि अन्तिम सिफारिसमा परेनन्, कतिपयमा प्रारम्भिक चरणमै असफल भए। तर उनले कहिल्यै हार मानेनन्।

उनका लागि असफलता सामान्य जस्तै बनिसकेको थियो। बरु प्रत्येक असफलताले उनलाई अझ बलियो बनाउँदै लग्यो। "अब विकल्प छैन, यही बाटोमा सफल हुनुपर्छ" भन्ने सोचका साथ उनले निरन्तर पढाइ जारी राखे। समयसँगै उनको आत्मविश्वास पनि बढ्दै गयो।

अन्ततः २२औँ प्रयासमा उनले सफलता चुमे। गत मंसिर २१ गते उनी शाखा अधिकृत पदमा नाम निकाल्न सफल भए। यो उपलब्धि केवल पद प्राप्ति मात्र होइन, वर्षौंको संघर्ष, धैर्यता र लगनशीलताको परिणाम हो।

विष्णु राईको कथा युवापुस्ताका लागि महत्वपूर्ण सन्देश हो(असफलता अन्त्य होइन, सफलताको तयारी हो। परिस्थितिले जति नै दबाब दिए पनि निरन्तर प्रयास र सही दिशाले लक्ष्यसम्म पुर्‍याउन सक्छ। भरियाबाट शाखा अधिकृतसम्मको उनको यात्रा वास्तवमै प्रेरणादायी छ, जसले देखाउँछ(असम्भव भन्ने शब्द केवल प्रयास नगर्नेहरूको लागि हो।

## ज्ञान सागर

१०५) नेपालको सबैभन्दा लामो पक्की पुल (१०१५ मिटर) बर्दियाको कोठियाघाटमा रहेको गेरुवा पुल २०७१ असोज ८ गते कसले उद्घाटन गरेका हुन ??
उत्तर : बिमलेन्द्र निधि

१०६) संयुक्त राष्ट्र संघको स्थापना कहाँ भएको सम्मेलन द्वारा भएको थियो ??
उत्तर : सन फ्रान्सिस्को

१०७) सन १९८५ मा नासाको निम्बस ६ नामक भु उपग्रहले ओजन तहमा प्वाल रहेको कुरा पत्ता लगाएको थियो उक्त प्वालको नाम के हो ??
उत्तर : होलि वे

१०८) SAFTA सम्झौतामा नेपालको तर्फ बाट कसले हस्ताक्षर गरेका थिए ??
उत्तर : डा. भेष बहादुर थापा

१०९) नेपाल टेलिकमले ४ग सेवाको संचालन कहिले बाट गरेको हो ??
उत्तर : वि.सं. २०७३ पौष १७ (२०१७ जनावरी १)

११०) देवनागरी लिपिको नेपाली भाषा लाई राष्ट्र भाषाको रुपमा मान्यता दिने पहिलो संविधान कुन हो ??
उत्तर : नेपाल अधिराज्यको संविधान २०१५

१११) शिवको नाचलाई ताण्डव भनिन्छ भने पार्वतिको नाचलाई के भनिन्छ ??
उत्तर : लास्य

११२) भारतको नयाँ दिल्लिमा रहेको सबै धर्मका लागि खुल्ला गरिएको मन्दिरको नाम के हो ??
उत्तर : लोटस टेम्पल

# मानसरोबरको यात्रा यसरी हुँदैछ

दमक। भारतले नेपालको भूमि लिपुलेक पास हुँदै कैलाश मानसरोवर यात्रा खुल्ला गरेको छ। भारतको चीन सरकारसँगको सहकार्यमा यात्राको औपचारिक घोषणा गरेको हो। लिपुलेक नेपालको भूमि हो।

भारत सरकारले आयोजना गर्ने कैलाश मानसरोवर यात्रा २०२६ जुनदेखि अगस्टसम्म सञ्चालन हुने छ। भारतको चीन सरकारसँगको सहकार्यमा यात्राको औपचारिक घोषणा गरेको हो। भारतीय विदेश मन्त्रालयद्वारा हिजो जारी विज्ञप्तिमा यस वर्ष यात्राका लागि कुल २० समूह हुनेछन्। तीमध्ये १० समूह उत्तराखण्ड हुँदै लिपुलेख पासबाट र अन्य १० समूह सिक्किम हुँदै नाथु ला पासबाट यात्रा गर्नेछन्। प्रत्येक समूहमा ५० जना यात्रु रहने छन्।

यात्रामा सहभागी हुन इच्छुकहरूले आधिकारिक वेबसाइट मार्फत अनलाइन आवेदन दिन सक्नेछन्। आवेदन दिने अन्तिम मिति मे १९ तोकिएको छ। धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने कैलाश मानसरोवर यात्रा हरेक वर्ष हजारौं श्रद्धालुहरूको आकर्षणको केन्द्र बन्ने गरेको छ। यस्तो यात्राको रुट नेपालको भूमिमा पर्दा नेपाललाई जानकारी छैन। लिपुलेक पासबाट व्यापार अघि बढाउन भारत र चीन यसअघि सहमति गरिसकेका छन्। यो सहमतिमा पनि नेपाल बेखबर छ।

# भीरमा जोखिमपूर्ण मह सिकार सुरु



म्याग्दी। म्याग्दीका लेकाली क्षेत्रमा व्यावसायिक रूपमा भिरमह सिकार सुरु भएको छ। धवलागिरि, अन्नपूर्ण र रघुगङ्गा गाउँपालिकाका अग्ला र जोखिमपूर्ण भीरबाट शिकारीले मह निकाल्न थालेका हुन्।

धवलागिरि गाउँपालिका(२ खोरीयाका महसिकारी मोतिप्रसाद पाइजाको १५ जनाको टोलीले शुक्रबारदेखि खोरीया नजिकैको भीरबाट मह निकाल्न सुरु गरेको छ। पहिलो दिन दुईवटा घारबाट करिब ७० लिटर मह निकालिएको पाइजाले जानकारी दिए। "अहिले बेँसीका भीरबाट सुरु गरेका छौँ, यो क्रम असारसम्म लेकका पहाडहरूमा पुगेर टुङ्गिन्छ," उनले भने।

भिरमह निकाल्ने प्रक्रिया अत्यन्तै साहसिक र चुनौतीपूर्ण मानिन्छ। स्थानीय भाषामा 'परङ' भनिने डोरीको भर्‍याङमा झुन्डिएर ज्यानको बाजी लगाउँदै शिकारीहरू मौरीको गोलासम्म पुग्ने गर्छन्। मह निकाल्नुअघि धुवाँ लगाएर मौरी भगाउने गरिन्छ।






आज मिति
२०८३ साल
वैशाख २० गते
आइतबार
3 May 2026
तिथि: द्वितिया

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | शरीरमा केही समस्या आम्दानीमा कमी । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | व्यापारबाट केही लाभ पारिवारिक सामान्य विवाद । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मामाबाट सहयोग किराना पसलबाट केही लाभ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पढाईमा खासै रुचि नहोला लगानी उठ्ने सम्भावना । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | मित्रसँग विवाद सामानय आय । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | कार्यमा सुधार कम आम्दानी । |
| तुला | रा री रु रे रो ता ती तु ते | बोलीले शत्रु बढ्ने आफन्तसँग विवाद । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | शिरमा समस्या रोकिएका काम बन्ने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | माताजनमा कष्ट अनावश्यक भ्रमण । |
| मकर | भो जा जी खि खू खे खो गा गी | कार्यमा प्रगति आम्दानी बढ्ने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | परोपकारको काममा मन लाग्ने व्यवसायबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मित्रबाट अपजस कुमार्गतिर मन जाने सम्भावना । |

# छथर गापले पर्यटकीय स्थलमा गर्यो गाउँसभा




धनकुटा । देशभरका अधिकांश पालिकाहरूले आफ्नै सभाहलमा गाउँसभा गर्दै आए पनि छथर गाउँपालिका ले भने फरक अभ्यास अपनाउँदै आएको छ। आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित गाउँपालिकाले विभिन्न पर्यटकीय स्थलमै गाउँसभा तथा अधिवेशन सञ्चालन गर्दै आएको हो ।

यसैक्रममा १६औं गाउँसभा तथा हिउँदे अधिवेशन वडा नं. ५ स्थित ऐतिहासिक ताक्लुङ गढी को चुम्लुङमा सम्पन्न गरिएको छ। प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक महत्व बोकेको उक्त स्थानमा नीति निर्माण बैठक बस्नुले स्थानीय पर्यटन प्रवर्द्धन र पहिचान उजागर गर्न मद्दत पुगेको बताइएको छ ।

गाउँपालिकाले यसअघि पनि सिधुवा(शुक्रबारे सडक क्षेत्रमा वृक्षारोपण, मार्ग पोखरी, चाङलुङ गुफा र थाक्चोलुङ मन्दिरजस्ता पर्यटकीय स्थलहरूमा गाउँसभा गर्दै आएको छ। अध्यक्ष सन्तविर लिम्बु का अनुसार यस्तो अभ्यासले विकाससँगै पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान दिएको छ ।

**आलोचना....** सुविधाको प्रयोग गरि आफुले चाहेको कानून अध्यादेशका रुपमा ल्याउने गरेका छन् । अहिलेको सरकार पनि गरेको यहि हो ।

यस अघिका सरकारले हरेक पटक अध्यादेश ल्याउँदा पनि आलोचना र बचाउमा बहस हुने गरेको छ । अहिले पनि यहि भई रहेको छ । अहिलेको सरकारले आह्वान भई सकेको संसद स्थगित गराएर राष्ट्रपतिलाई अध्यादेश जारी गर्न पठाएका कारण पनि बढि आलोचना भई रहेको हो । यसअघि वैशाख ८ गतेको मन्त्रिपरिषद्को बैठकले संसद् अधिवेशन आह्वानका लागि राष्ट्रपति समक्ष सिफारिस गरेको थियो । सिफारिसअनुसार राष्ट्रपतिले वैशाख १७ गतेका लागि संसद् अधिवेशन आह्वान गरेका थिए । तर, सरकारले फेरि वैशाख १० गते अधिवेशन स्थगित गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । सरकारको सिफारिसअनुसार राष्ट्रपतिले अधिवेशन स्थगित गरेका थिए ।

सरकारले अध्यादेशको बाटो अवलम्बन गरे पछि यसको पक्ष र विपक्ष दुवै धारमा बहस भई रहेको छ । सरकारले अध्यादेश ल्याएर काम गर्न खोज्नु सहि हो भन्ने हरुले संसदीय माध्यमबाट कानून निर्माण वा संशोधन गर्दा बढि समय लाग्ने र त्यस बेला सम्म नागरिकले सरकारबाट परिवर्तनको महसुस गर्न नपाउने भएकाले सरकारले आफ्नो संवैधानिक अधिकार उपयोग गर्नु स्वभाविक रहेको तर्क गर्ने गरेका छन् । तर विपक्षी दल, कतिपय संविधानविद् तथा आलोचकहरुले भन आह्वान भई सकेको संसद रोकेर अध्यादेश ल्याईनुलाई संसद छल्ने उपाय भनेर टिप्पणी गरि रहेका छन् । करिव २ तिहाई मत पाएको सरकारले संसदीय प्रकृयालाई अवमुल्यन गरि संसदको अधिकार समेत आँफैले उपोग गर्न खोजेको उनीहरुको भनाई छ ।

**संवैधानिक परिषदमा बढि चासो**

अहिले पेश भएको अध्यादेश मध्ये सवै भन्दा बढि चासो विषय संवैधानिक परिषद सम्वन्धि विधेयक हो । प्रधानमन्त्रीको अध्यक्षमा रहने संवैधानिक परिषद महत्वपूर्ण राष्ट्रिय विषयहरुमा निर्णय गर्ने निकाय हो । तर यहाँ अहिले प्रधानमन्त्री अल्पमतमा छन् । त्यसैले उनी आफु अनुकुल निर्णय गराउने व्यवस्थाका लागि उनी परिषदको वनावट फेर्न चाहन्छन् । त्यसका लागि उनले कानूनी आधार तयार पार्न यो अध्यादेश राष्ट्रपतिमा सिफारिस गरि पठाएका हुन् । तर अध्यादेश जारी गरि हाल्ने पक्षमा राष्ट्रपति देखिएका छैनन् । त्यसैले उनले संविधानविद्हरु बोलाएर छलफल पनि गरेका छन् । यहि अध्यादेशमा सरकार र राष्ट्रपतिको बढि चासो किन त ?

संवैधानिक परिषद्मा प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, विपक्षी दलको नेता र उपसभामुख सदस्य हुन्छन् । अनि प्रधानन्यायाधीश रिक्त भएको अवस्थामा परिषद्मा कामुप्रधानन्यायाधीशको साटो कानूनमन्त्री सदस्यको रुपमा संलग्न हुने व्यवस्था छ । अहिले संवैधानिक परिषद्मा भएको बनावट हेर्ने हो भने प्रधानमन्त्री बालेन शाहसहित सभामुख डोलप्रसाद अर्याल राष्ट्रिय स्वतन्त्र पार्टीको पृष्ठभूमिबाट आएका हुन् । राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल माओवादी पृष्ठभूमिका हुन् ।

केहि दिन अघिमात्रै प्रमुख विपक्षी दलका नेता भीष्मराज आङदेम्बे नेपाली कांग्रेसका हुन् भने उपसभामुख रुवी कुमारी श्रम संस्कृति पार्टीबाट निर्वाचित सांसद हुन्, जुन दलका अध्यक्ष हर्क साङपाङले सरकारको तिव्र आलोचना गरि रहेका छन् । परिषद्का कुल छ सदस्यमध्ये दाहाल, आङदाम्बे र रुवी कुमारी विपक्षी खेमाका हुन् । परिषद्मा उपस्थित हुने प्रधानन्यायाधीश तटस्थ रहने अनुमान गर्दा प्रधानमन्त्री आफ्नो प्रस्तावमा अल्पमतमा पर्छन् । र, प्रधानन्यायाधीशले प्रस्तावमा समर्थन गरेपनि दुवै पक्षबीच बराबर मत हुनेछ । त्यसैले उनी आफ्नो बहुमत कायम गराउन यो अध्यादेश ल्याउने तयारीमा रहेको देखिन्छ ।

**विद्यार्थी.....**अभावकै कारण करिब १० वर्षअघि वडा नं. ४ को पिङडाँडास्थित तत्कालीन प्रगतिशील प्राथमिक विद्यालय र वडा नं. ७ को पच्चिस बिघास्थित शान्तिदेवी प्राथमिक विद्यालय बन्द गरिएको थियो ।

त्यस्तै वडा नं. ६ को दहिधापस्थित सुन्तोली आधारभूत विद्यालयबाट पनि कक्षा ४ र ५ हटाइएको छ । त्यहाँ कक्षा ४ मा तीन जना र कक्षा ५ मा दुई जना विद्यार्थी थिए । उक्त विद्यालयका एक शिक्षक दरबन्दी र पाँच जना विद्यार्थीलाई सोही वडाको पञ्चज्योति आधारभूत विद्यालयमा समायोजन गरिएको छ ।

**मलद्वार....**प्लास्टिकसहित ३ ग्राम २२० मिलिग्राम र प्लास्टिक बाहेक २ ग्राम ७२० मिलिग्राम रहेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएको प्रहरी टोलीले शुक्रबार राति बुधबारे बजारबाट उनलाई नियन्त्रणमा लिएको हो । मे २ प २८३६ नम्बरको होण्डा साइन मोटरसाइकलमा सवार ढकाललाई शंका लागि चेकजाँच गर्दा उनको साथबाट लागुऔषध बरामद भएको थियो । लागुऔषध र मोटरसाइकलसहित नियन्त्रणमा लिइएका ढकाललाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय धुलाबारीमा राखिएको छ। उनीमाथि लागु औषध नियन्त्रण ऐन अन्तर्गत मुद्दा चलाउने तयारी भइरहेको प्रहरीले जानकारी दिएको छ ।

**साँवाभन्दा....**सरकारले कानुनी रूपमै बन्द गरिदिएको हो । अब कुनै पनि सहकारी संस्थाले ऋणीबाट असुल गर्ने कुल ब्याज रकम निजले लिएको मूल ऋण (साँवा) रकमभन्दा बढी हुन पाउने छैन । यसको अर्थ, एक लाख रुपैयाँ ऋण लिएको व्यक्तिले जतिसुकै वर्षपछि वा जतिसुकै हर्जना थपिए पनि ब्याजबापत एक लाखभन्दा बढी तिर्नु पर्दैन ।

**ओली....**भने सदस्यहरूमा हरि ओली, तुलसीराम ओली, घनश्याम ओली, होमप्रसाद ओली, लोकबहादुर ओली, ओमप्रसाद ओली, युद्धराज ओली, अनिरुद्र ओली, खेमकुमारी ओली र सुनिता ओली लगायत रहेका छन् ।

कार्यक्रममा सचिव राजेन्द्र ओलीले सञ्चालन गरे भने लेखा समितिका संयोजक उपेन्द्र ओलीले संस्थाको आय(व्यय विवरण प्रस्तुत गरे। उनले ओली भवनको आर्थिक अवस्था, कन्काई नगरपालिकामा निर्माणाधीन सामुदायिक भवन र कुल मन्दिरको प्रगतिबारे जानकारी गराए । अधिवेशनका क्रममा क्यान्सर रोग पीडित छविलाल ओलीलाई आर्थिक सहयोग समेत प्रदान गरिएको जानकारी प्रचार विभाग प्रमुख राजकुमार ओलीले दिए ।

**नाका....**बालेन शाहले सहमति नदिए पछि मन्त्रालय पनि पछि हट्यो । समाधान ननिस्केपछि सीमा नाकामा सामान बोकेका कन्टेनरहरूको लाइन बढ्दो छ ।

प्रधानमन्त्री शाहको निर्देशन अनुसार चैत ३० गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले वैशाख १५ को डेडलाइन राखेर अधिकतम खुद्रा मूल्य (एमआरपी) तोकिएका वस्तु मात्र भन्सार पास गर्न भनेको थियो । व्यवसायीहरूले यो व्यवस्था व्यावहारिक नहुने भन्दै आएका छन् । उनीहरूले विदेशबाट आयात गरिएका सबै सामान भन्सार नाकामै उतारेर एमआरपी स्टिकर टाँस्न सम्भव नभएको बताएका छन्। गोदाममा सामान पुगेपछि एमआरपी स्टिकर टाँसेर मात्र बजारमा लैजाने उनीहरूले बताएका छन् ।

**फलु....**फ्लू लाग्न सक्छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले विशेष गरि बालबालिका, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिसमा इन्फ्लुएन्जा भाइरस सङ्क्रमणको सम्भावना बढी हुने गरेको बताए ।

## अन्तर्राष्ट्रिय

# अमेरीकाले सेना फिर्ता बोलाउने

एजेन्सी/ अमेरिकी रक्षा विभागले जर्मनीबाट ५ हजार सैनिक हटाउने निर्णय गरेको छ। यो निर्णय यस्तो समयमा भएको हो, जब अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र जर्मन चान्सलर फ्रेडरिक मर्जबीच इरान युद्धलाई लिएर विवाद बाहिरिएको थियो । जर्मन चान्सलरले इरानी वार्ताकारले अमेरिकाको बेइज्जती गरेको बताएका थिए। त्यसपछि बिहीबार सामाजिक सञ्जालमा ट्रम्पले लेखेका थिए, 'मर्ज निकै खराब काम गरिरहेका छन् र उनीसँग अनेक किसिमका समस्या छन्, जसमा आप्रवासन र ऊर्जा पनि रहेका छन् ।'

ट्रम्पले इटली र स्पेनबाट पनि अमेरिकी सैनिक हटाउने सुझाव दिएका छन्। जर्मनीमा अमेरिकी सेना ठूलो संख्यामा उपस्थित छ । गत डिसेम्बरसम्म त्यहाँ ३६ हजारभन्दा बढी सक्रिय सैनिक परिचालित थिए ।

पेन्टागनका प्रवक्ता सीन पार्नेलका अनुसार सेना हटाउने आदेश रक्षा मन्त्री पीट हेगसेथबाट आएको हो।

# काँकरभिट्टा नाकाबाट विदेशी पर्यटक आगमन बढ्दो

दमक । झापाको काँकरभिट्टा नाका हुँदै नेपाल प्रवेश गर्ने विदेशी पर्यटकको संख्यामा उल्लेख्य वृद्धि देखिएको छ। अध्यागमन कार्यालय काँकरभिट्टा का अनुसार दैनिक औसत २८ जना विदेशी पर्यटक यस नाकाबाट नेपाल भित्रिने गरेका छन्।

चालु आर्थिक वर्ष २०८२/८३ को साउनदेखि चैत मसान्तसम्म ८१ देशका ७ हजार ६ सय ४२ जना विदेशी पर्यटक यस नाकाबाट नेपाल आएका छन्। कुल आगन्तुकमध्ये सबैभन्दा बढी ५४.३५ प्रतिशत अर्थात् ४ हजार १ सय ५४ जना भुटानी नागरिक रहेका छन्। त्यसपछि अमेरिका, थाइल्याण्ड, अष्ट्रेलिया र बेलायतका पर्यटकको संख्या उल्लेखनीय छ।

यी पर्यटकहरूले मुख्यत: काठमाडौं, पोखरा, लुम्बिनी, चितवन, गोरखा र मनकामनाजस्ता धार्मिक तथा पर्यटकीय स्थल भ्रमण गर्ने गरेका छन्। पछिल्लो नौ महिनामा विदेशी र नेपाली गरी १० हजार ९ सय ३० जना नेपाल प्रवेश गर्दा १२ हजार ५ सय ७८ जना बाहिरिएका छन्।

महिनागत रूपमा पुसमा सबैभन्दा बढी १ हजार ८ सय ५० विदेशी पर्यटक आएका थिए भने भदौमा सबैभन्दा कम २ सय १९ जना मात्र भित्रिएका थिए। गत वर्षको तुलनामा यस वर्ष विदेशी पर्यटक १०६ जनाले बढेको कार्यालयले जनाएको छ।

कार्यालयले पर्यटक, नाता, वैवाहिक र गैर(आवासीय गरी विभिन्न प्रकारका भिसा सेवा उपलब्ध गराउँदै आएको छ। नौ महिनामा ६ हजार ६ सय ९१ पर्यटक भिसासहित विभिन्न भिसा जारी गरिएको छ। यस अवधिमा २ करोड ८० लाखभन्दा बढी राजस्व संकलन भएको छ।

समग्रमा नेपाली आगमनमा केही कमी आए पनि विदेशी पर्यटकको बढ्दो उपस्थितिले पूर्वी नाकाको पर्यटन गतिविधिमा सकारात्मक संकेत देखिएको छ ।

# फोहोरमा लापरवाही गर्ने २४ बढी कारवाहीमा

विराटनगर । यहास्थित महानगरपालिकाले जथाभावी फोहोर फाल्ने तथा सहरलाई दुर्गन्धित बनाउने व्यक्ति र समूहविरुद्धको कारबाहीलाई तीव्र बनाएको छ । महानगरका अधिकांश वडामा फोहोर व्यवस्थापनमा लापरबाही गर्नेहरूमाथि निगरानी बढाइएको हो । महानगरको सरसफाइ शाखा प्रमुख पुनम दाहाल का अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा हालसम्म २४ जनाभन्दा बढीलाई कारबाही गरिएको छ। लुकिछिपी सार्वजनिक स्थान तथा सडकमा फोहोर फाल्नेहरूमाथि विशेष निगरानी गरी जरिवाना गरिएको उनले बताइन् । विद्यालय र कलेजहरूले समेत विज्ञापनका कागजात जथाभावी फाल्ने गरेको पाइएपछि उनीहरूलाई पनि जरिवाना गरिएको छ। साथै केही स्थानमा शौचालयको फोहोर पानी सिधै नालामा मिसाइएको भेटिएपछि त्यसमाथि पनि कडाइ गरिएको महानगरले जनाएको छ ।

महानगरले सरसफाइ केवल नगरपालिकाको जिम्मेवारी नभई स्थानीय बासिन्दाको साझा दायित्व भएको बताउँदै सार्वजनिक स्थल, सडक र पार्कमा फोहोर नगर्न सबैलाई आग्रह गरेको छ। "सबैको सहयोग भएमा विराटनगरलाई स्वच्छ र सफा सहर बनाउन सकिन्छ," प्रमुख दाहालले भनिन् ।

सरसफाइ शाखाका अनुसार हालसम्म कारबाहीबाट ८९ हजार २ सय रुपैयाँ राजस्व संकलन भएको छ। महानगरले आगामी दिनमा पनि अनुगमन र कारबाहीलाई अझ कडाइका साथ जारी राख्ने जनाएको छ ।

## मौसमी हास्य-व्यंग्ये

# भाँगाटुटेले पनि नाफा कमाउने कला केन्द्र खोल्न कन्दनी कसेछ !

✍ व्यंग्यनारान पाँडे

माड पनि नपछारिएको गाढा नीलो पोलिस्टरको कमिज र बाक्लो खाले पोलिस्टरकै अरबखे पेन्टलाई रब्बरको पहेंलो पेटीले कम्मरमा कसिलो कसेर पेन्ट लगाएको, उही अघिल्लो हप्ता ऐंसेलु झाँगेसँग आएको, भग्वान नामको भाँडाकुटे बिहारी जवान पाँडेकहाँ टुप्लुक्क आइपुग्यो । कपाल, जुँगा र आँखीभौंमा आजै कालो लगाएको निधार ओठतिर धर्साधर्सी अनि त्यसमाथि लचेप्रै तेल दलेको , र सायद, त्यही हातले सोतरेर होला - त्यसको कलौटे अनुहार पनि पलिस दलेर टल्का'को कालो जुत्ता जस्तो टिलिक्क देखिन्थ्यो । खुट्टामा निख्खुर हरियो रंगको नयाँ 'भुक्के चप्पल' लगाएको त्यसका दुवै हातका कान्छी र बूढी औंलाका नङमा चकिलो रातो रंगको क्यूटेक्स पनि टलक्कै देखिन्थे भने त्यसले आज गगल्स पनि लगाएको थियो - जसमा धागोमा झुण्डिएको 'एचष्अभ च्क.१५/-' लेखिएको चिल्कटो पनि चल्नीनेर लुरलुर हल्लिरहेको थियो । आजको तातो दिन ! त्यसका रबरका जस्ता कपडा हेर्दा पाँडेलाई उख्खुम र सिकसिको लागेको त थियो नै, र त्यसको आजको चालढाल-भावभङ्गी नरमाइलो रमितै थियो पाँडेका लागि !...

दाहिने हातका औंला कुप्रो पारेर छातीमा टाँस्तै 'नमस्ते सर !' भनेपछि कुर्सीमा बस्यो । त्या बोलेको थिएन । त्यसले केही भन्न आए जस्तो भान भयो र पाँडेले सोध्यो -"हन आज त तँ रम्रिएर-बन्निएर पो आइछस् त ? आज थोत्रा-थोत्री बटुल्ने सँधैको काममा गइनस् ?"

त्यसले दुई हत्केला एकापस जोडेर बटार्दै भन्यो -"ओ काम अब् नकर्ने । उस से लाफाको एगो नयाँ काम पात्ता लागाएँ अउर् ओइ काम कर्ने मो इस्टम्याट गरेको सर । मगर, सर मेरो सात दिनु भयो भने, नै तो ओतै बिहाडको गउँ जाउन्छुँ होला ।"

पाँडेले सोध्यो -"के भेटिस् नि त्यस्तो नयाँ काम र त्यो गर्ने सोचिस् त ?"

त्यसले उसरी नै हत्केला माड्दै भन्यो - "अब् मै भी एगो क्यान्ध्र खोलाउनु सोचें, उस मे भहुत लाफा हेरें मो ।"

पाँडेले खत्खते हाँसोसँग गिजोल्दै सोध्यो -"कस्तो केन्द्र ? केन्द्र भनेको के हो, कि धेरै नाफा हुने दोकान कि के भनेको ?"

त्यसले अलिक अप्ठ्यारो मान्दै भन्यो - "हो दुकान जइसइ छ । तिस्तो क्यान्ध्र भन्छ नि डानस-उनस दिखाउन्ने, गाना-उना गाउन्ने, रामरस करने अउर् कबित-काइँनी पढ्के सुनानुवाला लोक एकट्टा करने । आस्ति ओता चन्द्रगड्डी कि कातातिरो हो त्यो सरहेरू करेको जइसो । उस मे सब् बोली जानेको कटाकटी अउर् मान्छीहेरू बोलान्छु अउर् ओइ कार्जकरम भइहाल्छ तिस्तो क्यान्ध्र भनेको मो तापाइँको !"

पाँडे 'क्वाटर रील' जति हाँस्यो र भन्यो -"त्यस्तो केन्द्र चलाउन त उल्टै खर्च लाग्दैन त अनि ? नाचैया-गवैयाहरूलाई भाडा दिनुपर्छ, खाना-खाजा खिलाउनु पर्छ, कवितावालाहरू पनि सित्थैंमा नआउलान् । केको खर्चले चलाउँछस् त्यस्तो केन्द्र हँ ? उल्टै नाफाको कुरा पो गर्दो र'छ यो त !" त्यसले मुन्टो परक्क बटारेर र झन तिखारिएको सक्कल बिहारी स्वर पगारेर भन्यो -"औ तो लाफा दिने बिज्नेस् छ, पाक्का, हँ !...तापाइँ सरको ऐड्या नभाको हेरें मो । तिस्तो रामाइलो पोरगाम गर्छु बोल्के पर्देश के बढ्का सारखार , गामपल्क नर्पाल्का सारखारहेडु , बेपार-बिख्नेसको दुकान-मिल मालिकहेरडु सब चाण्डा दिन्छ ओस्तो पोरगाम बोलेपिछुन् । ओस्तो चाण्डा कत्ना-कत्ना इकट्टा भइजाउन्छ तो कत्ति-कत्ति लाक-लाक रुप्पा लाफा-इन्कम कमानु सकिन्छ ? अण्णों भी डेल्ली माड्सु-भात चल्छ । मान्छीहेडु के भन्छ नि परा...पराघ्घ कि के ...हो ओस्तो नामको सर बोलेरो नमस्ते कर्छ ! बेकाम मे ओ क्यान्ध्र खोलेको ओस्तो पढालिखा ओ सरहेडु ? मो कहन्छुँ - ग्रान्टी लाफा हुन्छ । मेरो ऐड्या छ, कमाउनुको ग्रान्टी छ बोलें मो, पाक्का । नभा मो केन भाँगाटुँटा के बेपार छोडेको ? मो बेकुप छुँ ? ... अब् सर फिकरको कौनै टेनसिन नालिनु । सिर्फ सर मेरो सात दिनु । चान्डा माङ्नु पाल्का-पाल्का मेल मो जाउनु टेम मे सर मेरो सात दिनु अउर् क्यान्ध्रको आच्चा-खासा अउर् ठूलो कुडा भन्नू, बास् । मो इता नापाल के नर्पाल्का- गामपाल्का समुच्चा नाजनेको-तिसको पर्दानहेरू नचिनेको । मेरो ओहारू नटेर्नु सक्नु हुन्छन् । सर जान-पचानको मान्छी । बस मेरो सात लेके सर घुम्नु अउर् यो क्यन्ध्रको आच्छा ही आच्छा बोल्नु अउर् ओहडको पटानु, सिर्फ तेत्ति ! ...तो उस मे जो-जत्ना लाफा आउन्छ सर खाता मे एकाउनटेन राख्नु । उस मे से सौ मे तीस रुप्पा के हिसाप से इमान के सात भागा दिन्छुँ मो, मा कस्सम...हन्मानजी कस्सम ।...माने एक लाक लाफा भायो तो तीस हाज्जार सरको हात मे डाइरेक् पउँचछ, मो पूडा ग्रान्टी कर्छुँ !...."

पाँडेले फेरि पनि हाँस्तै प्रश्न राख्यो-"अनि तेरो केन्द्रको नाम चाहिँ के राखेको छस् नि ?"

त्यसले खल्तीबाट एउटा कागज निकालेर पाँडेलाई दिँदै भन्यो -"इसी कागत मे छ तिसको नाम । मो ओति ढेरी पढालिखा छइना...तो तापाइँ सर आप्पै पढिलिनु ।"

त्यो कागजमा -बलैले पढ्न सकिने अक्षरमा- "नेपाल इण्डिया बोडर छेतरिहे टोट्टल जात, जाति एबङ धरम संसृति, काला, साइत्तिक सङ्गम क्यान्ध्र" र त्यसको मुन्तिर -"अदच्छे भग्वानसिङ ठाकुर । उप-रामप्यारी ठकुर्नी ।"-लेखिएको थियो ।

पाँडेले सोध्यो -"यो रामप्यारी भन्ने चाहिँ को हो नि ?"

त्यसले अनुहार उज्याल्दै भन्यो -"ओ मेरो बूढी छ । ओ फिलहाल इता छइना । ओतै बिहाड मे खेतीबाडी देख्छ ।"....


जात-जाति सबैको धर्म-संस्कृति, साहित्य, संगीत, कला आदिको नाममा केन्द्र वा संस्था खोलेर कसै-कसैले नाफा कमाउने गरेको यो भाँगाटुटे लम्फुले कतै साँच्चै पत्ता लगाएको पो कि !'...- भाँगाटुटे बिहारीका कुराले पाँडेको मन-पेटमा -"ए, आँट गरेरै 'गति छाड्यो' भने मालामाल पनि पो भइने र'छ कि क्या हो हँ, एत्तेरिका ...?!?" -भन्ने चानचुने लोभ जागिर'छ है साथीहरू, तपाईंहरू के भन्छौ ? लु-लु दुई शब्द जाओस् त हौ, लु-लु !!..... क्रमश: -

# राष्ट्रपति पौडेल र नेता आङदेम्बेबीच भेटवार्ता

दमक । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले शनिबार राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता गरेका छन्। शीतल निवास पुगेर उनले सरकारले सिफारिस गरेको संवैधानिक परिषद् सम्बन्धी अध्यादेश जारी नगर्न विपक्षी दलहरूको तर्फबाट राष्ट्रपतिको ध्यानाकर्षण गराए ।

# दुर्घटनामा आमाछोराको मृत्यु

दमक । रोल्पाको जलजलामा बिहीबार भएको जिप दुर्घटनामा आमा छोराले ज्यान गुमाएका छन् । लमजुङको मर्स्याङ्दी गाउँपालिका(९ पामचोक बस्नेत थोककी २४ वर्षीया एलिसा भनेर चिनिने लोजिना जिसी थापा र उनका ४ वर्षीय छोरा संयोग थापाले दुर्घटनामा परेर ज्यान गुमाएका छन् ।

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०